# GREEN VENTURES LIMITED

प.स.: ०८१/०८२
च.न.: ७१

श्री अभौतिकरण तथा निक्षेप
महाशाखा
मिति: २०८१/११/१८

मिति: २०८१/११/१८

सिडिएस एण्ड क्लियरिङ्ग लि
दर्ता नं.: ३९८५
मिति: २०८१/११/१८

नेपाल धितोपत्र बोर्ड
खुमलटार, ललितपुर ।

नेपाल स्टक एक्सचेन्ज लिमिटेड
सिंहदरबार प्लाजा, काठमाडौं ।

सिडिएस एण्ड क्लियरिङ्ग लि.
पुतलीसडक, काठमाडौं ।

**विषय: लक इन अवधि (Lock-In Period) समाप्ति हुने सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्वन्धमा यस संस्थाका संस्थापक शेयरधनीहरु, आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरु र कर्मचारीहरुको शेयर मिति २०७८/१२/२० गते बाट तीन वर्षसम्म लक इनमा राखिएकोमा, उक्त शेयरहरुको मिति २०८१/१२/२० मा लक इन अवधि समाप्त हुने भएकोले सो सम्वन्धि सूचना आज मिति २०८१/११/१८ गते आइतबार कारोबार राष्ट्रिय आर्थिक दैनिक पत्रिकामा प्रकाशित गरिएको जानकारी गराईन्छ ।

साथै, उक्त सूचनाको प्रतिलिपि यसै पत्रसाथ संलग्न गरि पठाइएको व्यहोरा अनुरोध गर्दछौं ।

भवदीय,

....................
श्रीधर खनाल
प्रमुख कार्यकारी अधिकृत
ग्रीन भेन्चर्स लि.

# GREEN VENTURES LIMITED ग्रीन भेन्चर्स लिमिटेड
# Green Ventures Limited

## लिखु-४ जलविद्युत आयोजना (५२.४ मे.वा.)

वडा नं. २८, पुतलीसडक, काठमाडौं, नेपाल, फोन नं : ०१-५३४२३१७
इमेलः frontdesk@trivenihydro.com वेभसाइटः www.greenventuresnepal.com

## आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुलाई बाँडफाँड गरिएको शेयरहरु, कर्मचारीहरुलाई बाँडफाँड गरिएको शेयरहरु तथा संस्थापक शेयरधनी समूहको शेयरहरु समेत बिक्रि गर्न नपाउने गरि तोकिएको समयावधि लक इन (LOCK - IN) अवधि समाप्त हुने बारेको सूचना

यस ग्रीन भेन्चर्स लिमिटेडको मिति २०७८/११/०२ गते देखि मिति २०७८/११/२० गते सम्म आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुको लागि साधारण शेयरहरु निष्काशन तथा बिक्रि खुल्ला गरी मिति २०७८/११/२९ गते बाँडफाँड गरिएको र बाँकी साधारण शेयरहरु मिति २०७८/१२/०८ गते देखि मिति २०७८/१२/११ गते सम्म सर्वसाधारणमा (कर्मचारीहरु समेतमा) निष्काशन तथा बिक्री खुल्ला गरि मिति २०७८/१२/२० गते बाँडफाँड गरिएको व्यहोरा जानकारी गराउन चाहन्छौं ।

यस सम्बन्धमा धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को दफा ३८(१) बमोजिम विवरणपत्र प्रकाशन गरि निष्काशन गरिएको धितोपत्र बाहेक अन्य समूहहरुको धितोपत्र संगठित संस्थाले सर्वसाधारणका लागि प्राथमिक सार्वजनिक निष्काशन गरेको शेयरहरु बाँडफाँड भएको मितिले तीन वर्षको अवधि पूरा नभई बिक्री गर्न नपाइने व्यवस्था भए बमोजिम यस कम्पनीका संस्थापक शेयरधनीहरु, आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरु र कर्मचारीहरुको शेयरहरु बाँडफाँड गरिएको मितिले तीन वर्ष समाप्त नभएसम्म बिक्री गर्न नपाइने जानकारीको लागि अनुरोध छ ।

यस कम्पनीका संस्थापक शेयरधनीहरु, आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरु तथा कर्मचारीहरुको लक इनमा रहेको शेयरहरुको उल्लेखित बमोजिम तीन वर्ष लक इनको समयावधि मिति २०८१।१२।२० मा समाप्त हुने भएको र नेपाल धितोपत्र बोर्डको मिति २०८०/०८/२५ गतेको (पत्र संख्याः ८०/८१, चलानी नं. १५२३) पत्रबाट लक इनको समयावधि समाप्त हुनुभन्दा कम्तीमा ३० दिन अगावै यस सम्बन्धमा जानकारी गराउनु पर्ने निर्देशन भए बमोजिम यस कम्पनीका संस्थापक शेयरधनीहरु, आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरु, कर्मचारीहरु तथा नियामक निकायहरु लगायत अन्य सम्पूर्ण सरोकारवालाहरुलाई यसै सूचना मार्फत जानकारी गराइन्छ ।

**यस संस्थाका संस्थापक शेयरधनीहरु, आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरु र कर्मचारीहरुको लक इनमा रहेको शेयरहरु सम्बन्धी विवरणः**

| क्र.सं. | शेयरको विवरण | लक इन रहेको शेयर संख्या | लक इन समयावधि समाप्त हुने मिति |
|---|---|---|---|
| १. | संस्थापकहरुको शेयर | २,५०,००,००० | २०८१/१२/२०<br>(2-April-2025) |
| २. | आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुलाई बाँडफाँड गरिएको शेयर | ३१,२३,२०० | २०८१/१२/२०<br>(2-April-2025) |
| ३. | कर्मचारीहरुलाई बाँडफाँड गरिएको शेयर | १३,७५० | २०८१/१२/२०<br>(2-April-2025) |

**नोटः** यस संगठित संस्थाको संचालक, कार्यकारी प्रमुख, लेखापरिक्षक, कम्पनी सचिव वा संगठित संस्थाको व्यवस्थापन वा लेखा सम्बन्धि कार्यमा प्रत्यक्ष रुपले संलग्न व्यक्तिले त्यस्तो पदमा बहाल रहँदाका बखत वा त्यस्तो पदबाट अवकाश प्राप्त गरेको मितिले एक वर्षसम्म यस संगठित संस्था वा यसको सहायक कम्पनीको धितोपत्र आफ्नो वा आफ्नो परिवारको सदस्य वा अन्य कुनै व्यक्तिको नियन्त्रणमा रहेको फर्म, कम्पनी वा संस्थाको नाममा वा अन्य व्यक्तिलाई खरिद बिक्री गर्न गराउन वा हस्तान्तरण गर्न वा लेनदेन गर्न सक्ने छैन ।

GREEN VENTURES LIMITED